**२०७७ बैशाख १ देखि भदौ १८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण**

| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २४५ | ५१ | १९१ | ३२ | ४३ | ११ | ५५ | ० | १९२ | **३३२** | **९४** | **३९४** |

**२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ १८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण**

| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २४३ | ५१ | १९० | २९ | ४२ | ९ | २५ | ० | ७३ | **२९७** | **९३** | **२७२** |

**२०७७भदौ १८ देखि १९ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण**

| पहिरो | | | बाढी | | | सर्पदंश | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | **१०** | ० | ० | **०** | ० | १ | **१** | ० | ० | **११** |

# दैनिक विपद् बुलेटिन

## १८ भदौ विहान१०:००बजेदेखि १९ भदौ विहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी **३** स्थानमा **आगलागी,** **१** स्थानमा **पहिरो,** **१** स्थानमा **चट्याङ्ग,** **१** स्थानमा **सर्पदंश**का घटना घटेका छन् । यी घटनामा परी **११ जनाको मृत्यु, ११ जना बेपत्ता,** ६ जना **घाईते** भएका छन् । **आगलागी**का कारण **१४ लाख १० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ११ | ११ | ६ | ६ | १४,१०,००० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ६ वटा घट्ना भएका छन् ।
- **बाग्लुङ्ग**को थप अपडेट मिति २०७७।०५।१८ गते ढोरपाटन नगरपालिका वडा नं ९ भुसुण्डे, दुनेपोखरा, लाकुरीबोटमा अबिरल बर्षाको कारण **बाढी, पहिरो** गई अन्दाजी ३१ घर बगाउँदा १० जनाको मृत्यु, ११ जना बेपत्ता र ४ जना घाईते भएको । **हालसम्म १४ मृत्यु, २४ बेपत्ता, ४ घाईते** । नामावली सहितको बिवरण आउन बाँकि । (घर क्षति, मृतक र बेपत्ताको संख्या थपघट हुन सक्ने)
- **सिरहा**को सुरुङ्गा नगरपालिका वडा नं २ मा **एक व्यक्तिलाई सर्पले टोकी** उपचारको लागि लहान लैजाने क्रममा बाटोमा नै **मृत्यु** ।
- **कास्की**को पोखरा महानगरपालिका वडा नं १९ बेसीखेत स्थित लामाचौर- पुरन्चौर सडक खण्डमा JCB ले सडकको पहिरो हटाउने क्रममा सडक माथिबाट **पहिरो** आई JCB पुरिदा **चालक घाईते** ।
- **दैलेख**को चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं ८ गैरेगाँऊस्थित एक घरमा **चट्याङ्ग**को झिल्का पर्न गई बर्ष ५७ की **१ महिला घाईते** ।

## घट्ना सारांश...

- **सोलुखुम्बु**को सोताङ गाउँपालिका वडा नं ५ केल्चाकस्थित एक कच्ची घरभित्र चुलोमा सुकाई रहेको दाउरा सल्कन गई **आगलागी** हुँदा घर र घर भित्र रहेको अन्नपात, भाडावर्तन, लत्ताकपडा लगायतका सामान गरी **१० लाख रुपैंया** बराबरको क्षति ।
- **सिन्धुली**को तिनपाटन गाउँपालिका वडा नं १ छरछरेस्थित एक कच्ची घर र संगै रहेको गोठमा अचानक **आगलागी** हुँदा घर र गोठ पूर्णरूपमा जली **४ लाख १० हजार रुपैंया** बराबरको क्षति ।
- **जुम्ला**को चन्दननाथ नगरपालिका वडा नं ५ कृष्ण मन्दिर बजारस्थित संगै जोडिएको **२ वटा** घरमा अचानक **आगलागी** हुँदा दुबै घरको दोस्रो फ्ल्याटमा क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो र चट्याङ्गमा परी घाईते भएकाहरुलाई नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, बाग्लुङ्गको पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

१९(शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)

- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज ताप्लेजुङ, पाँचथर, तेह्रथुम, धनकुटा, संखुवासभा, सोलुखुम्बु, झापा, मोरङ, सुनसरी, उदयपुर, रामेछाप, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, कास्की, पर्वत, पाल्पा, गुल्मी, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, कालिकोट, अछाम, डोटी, बैतडी, दार्चुला, डडेल्धुरा र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई स-साना नदीमा बहाब केही बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**

## वर्षाको सारांश

### भदौ १८ गते बिहान ०८:४५ बजे देखि भदौ १९ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/१९ गते बिहान ०८:४५ बजे ७३ वटा मानब संचालित वर्षा मापन केन्द्रहरुमा मापन गरिएको वर्षाको विवरण अनुसार २९ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (३७मि. मी.) सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**